National News

June 10th, 2024

Monday

प्रमुख समाचार:

1. नवगठित केन्द्रीय मन्त्रिपरिषद्को पहिलो बैठक आज नयाँ दिल्लीमा सम्पन्न
2. 'छिमेकी प्रथम' नीतिअन्तर्गत नेपाल भारतको प्राथमिकतामा रहेको राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको धारणा
3. भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीद्वारा प्रधानमन्त्री किसान सम्मान निधिको १७ औं किस्ता जारी
4. निर्वाचन आयोगद्वारा सात राज्यका १३ वटा विधानसभा क्षेत्रमा उपचुनावको घोषणा
5. जम्मू र कश्मीरको रियासी जिल्लामा आतंकवादीहरूले आक्रमण गरेपछि सुरक्षा बलद्वारा व्यापक खोज अभियान सुरु

## 1. Cabinet Meeting

नवगठित केन्द्रीय मन्त्रिपरिषद्को पहिलो बैठक आज नयाँ दिल्लीमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीको निवासमा सम्पन्न भयो।

## 2. India - Nepal

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले 'छिमेकी प्रथम' नीतिअन्तर्गत नेपाल भारतको प्राथमिकतामा रहेको बताउनुभएको छ।। नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा नेपालका प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेटवार्तापछि राष्ट्रपति श्रीमती मुर्मुले दुई देशबीचको अनुपम सम्बन्धलाई थप मजबुत बनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । दुवै नेताले नेपालका विभिन्न क्षेत्रहरूमा भएका विकासका पहलहरूलाई दुवै देशका जनतालाई फाइदा पुग्ने गरी अगाडि बढाउने उपायहरूबारे पनि छलफल गरेको बताइएको छ।

## 3. Modi - PM Kisan

भारतीय जनता पार्टीका वरिष्ठ नेता, श्री नरेन्द्र मोदीले आज तेस्रो पटक प्रधानमन्त्रीको पदभार ग्रहण गरेपछि किसान सम्मान निधिको 17 औं किस्ता जारी गर्नुभयो। यो किस्ताबाट नौ करोड ३० लाख किसानलाई करिब २० हजार करोड रुपैयाँको लाभ हुनेछ। श्री मोदीले उहाँको सरकारको पहिलो निर्णयले किसानहरूको हितप्रतिको प्रतिबद्धता दर्शाएको बताउनुभयो। प्रधानमन्त्रीले आगामी दिनमा पनि आफ्नो सरकारले कृषि क्षेत्र र किसानको हितमा थप प्रतिबद्धताका साथ काम गर्ने बताउनुभयो।

## 4. Sikkim – CM- Swearing

सिक्किममा सिक्किम क्रान्तिकारी मोर्चाका नेता श्री प्रेमसिंह तामाङले दोस्रो पटक मुख्यमन्त्रीको सपथ ग्रहण गर्नुभएको छ। सिक्किमको राजधानी गान्तोकको पाल्जर स्टेडियमा आयोजित कार्यक्रममा राज्यपाल श्री लक्ष्मणप्रसाद आचार्यले श्री तामाङ र उहाँका ११ सदस्यीय मन्त्रिपरिषद्लाई पद तथा गोपनियताको सपथ गराउनुभएको थियो।

## 5. Odisha /Andhra Pradesh– CM

ओडिशा र आन्ध्र प्रदेशमा नयाँ सरकारको सपथ ग्रहण समारोह बुधबार हुँदैछ। ओडिशामा पहिलो भाजपा सरकारको मुख्यमन्त्रीको नाम अझै तय भएको छैन। हाम्रा संवाददाताले जनाएअनुसार भाजपाले केन्द्रीय मन्त्री श्री राजनाथ सिंह र श्री भूपेन्द्र यादवलाई विधानसभामा विधायकहरूको नेताको चुनावको अनुगमन गर्न केन्द्रीय पर्यवेक्षकको रूपमा नियुक्त गरेको छ। आन्ध्र प्रदेशको सपथ ग्रहण समारोहमा मुख्यमन्त्री चन्द्रबाबु नायडू, प्रधानमन्त्री श्री नरेन्द्र मोदी र अन्य धेरै प्रमुख व्यक्तिहरू सहभागी हुने बताइएको छ।

## 6. ECI – By election

निर्वाचन आयोगले सात राज्यको १३ विधानसभा सिटमा हुने उपचुनावको कार्यतालिका सार्वजनिक गरेको छ । जसमध्ये पश्चिम बंगालमा चार, हिमाचल प्रदेशमा तीन, उत्तराखण्डमा दुई र बिहार, तमिलनाडु, मध्य प्रदेश र पञ्जाबमा एक-एक विधानसभा क्षेत्र छन्। निर्वाचन आयोगले यी निर्वाचन क्षेत्रमा आगामी जुलाई १० मा मतदान हुने र जुलाई १३ मा मतगणना हुने जनाएको छ ।

## 7. Jaisankhar

केन्द्रीय मन्त्री डा एस जयशंकरले आज दिल्लीमा मौरिससका प्रधानमन्त्री प्रविन्द जगन्नाथसँग भेटवार्ता गर्नुभयो। डा जयशंकरले नेपालका प्रधानमन्त्री श्री पुष्पकमल दाहालसँग पनि भेट गर्नुभयो । डा जयशंकरले आज नयाँ दिल्लीमा मालदिभ्सका राष्ट्रपति डा मोहम्मद मुइज्जु, बंगलादेशकी प्रधानमन्त्री शेख हसिना, श्रीलंकाका राष्ट्रपति रनिल विक्रमासिंघे, भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे र सेशेल्सका उपराष्ट्रपति श्री अहमद अफिफसँग पनि भेटवार्ता गर्नुभएको थियो ।

## 8. Jammu-Kashmir-Investigation Operation

जम्मू र कश्मीर उपराज्यपाल श्री मनोज सिन्हाले रियासी जिल्लामा आतंकवादी हमलालाई यस क्षेत्रमा अशान्ति सिर्जना गर्ने "अनावश्यक" प्रयासको रूपमा वर्णन गर्नुभएको छ। यस हमलामा १० तीर्थयात्रीको मृत्यु भएको थियो भने अन्य ३३ जना घाइते भएका थिए । उपराज्यपालले यस्ता प्रयासलाई कडाइका साथ लिइने र आतंककारीलाई कदापि नछाडिने बताउनुभयो। श्री सिन्हाले प्रधानमन्त्री र गृहमन्त्रीले स्थितिको निरन्तर अनुगमन गरिरहेको बताउनुभयो। आक्रमणकारीलाई पक्राउ गर्न क्षेत्रमा अनुसन्धान भइरहेको छ । उपराज्यपालले मृतकका परिवारलाई जनही 10 लाख रुपैयाँ र घाइतेलाई 50 हजार रुपैयाँ दिने घोषणा गर्नुभयो। यसैबीच, राष्ट्रिय अनुसन्धान एजेन्सीको टोली आज जम्मू कश्मीरको रियासी जिल्ला पुगेको छ। उक्त टोलीले आतंकवादी हमलाको अनुसन्धानमा स्थानीय प्रहरीसँग समन्वय गरिरहेको छ । राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, उपराष्ट्रपति श्री

जगदीप धनखर, प्रधानमन्त्री श्री नरेन्द्र मोदी, केन्द्रीय मन्त्री श्री अमित शाह र श्री राजनाथ सिंहले घटनाप्रति दु:ख व्यक्त गर्नुभएको छ।

## 9. Manipur Team

गत महिना मणिपुरमा आएको चक्रवात र असिनापानीबाट भएको क्षतिको विवरण लिन केन्द्रीय मन्त्रीस्तरीय टोली मणिपुर पुगेको छ। मे ५ मा मणिपुरका धेरै ठाउँमा परेको असिनाले घर, सवारी साधन र बालीमा ठूलो क्षति पुऱ्याएको थियो। असिनापानीबाट भएको क्षतिको विवरण लिन टोलीले आज ठौबलका विभिन्न स्थानको भ्रमण गरेको थियो ।चार सदस्यीय केन्द्रीय मन्त्रीस्तरीय टोलीले असिनापानीका कारण घर तथा बालीमा भएको क्षतिका सम्बन्धमा जिल्ला प्रशासनका अधिकारीसँग बैठक गरेको थियो ।

## 10. French Open

स्पेनका कार्लोस अल्काराजले पहिलो पटक फ्रेन्च ओपनको उपाधि जितेका छन् । पेरिसमा गएराति भएको पुरुष सिंगल्सको फाइनलमा अल्काराजले जर्मनीका अलेक्जेन्डर ज्वेरेभलाई पराजित गरे। अल्काराज रेड ग्राभल, ग्रास कोर्ट र हार्ड कोर्टमा तीनवटै मैदानमा ठूला उपाधि जित्ने दोस्रो कान्छा खेलाडी पनि बनेका छन् । अल्काराजले सेमिफाइनलमा इटालीका जाननिक सिन्नरलाई हराए भने ज्वेरेभले नर्वेका क्यास्पर रुडलाई हराउँदै फाइनलमा पुगेका थिए।

## 11. IMD - Weather

मौसम विभागले आज गोवा, महाराष्ट्र र कर्नाटकका केही स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ । यसैलाई मध्यनजर गर्दै विभागले उच्च सतर्कता जारी गरेको हो । धेरै राज्यको मौसममा पनि परिवर्तन देखिन सक्छ। आगामी ३ देखि ४ दिनसम्म कर्नाटक, केरला, लक्षद्वीप र आन्ध्र प्रदेशमा मेघगर्जन र चट्याङसहित हल्का वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । बिहार, झारखण्ड, ओडिशा, मध्य प्रदेश र छत्तीसगढमा आगामी ४ दिनसम्म यस्तै अवस्था रहने अनुमान गरिएको छ । अर्कोतर्फ, पञ्जाब, हरियाणा, बिहार, झारखण्ड, पश्चिम बंगाल, हिमाचल प्रदेश, उत्तराखण्ड, दिल्ली, राजस्थान र मध्य प्रदेशका केही भागहरूमा जुन १३ सम्म भीषण गर्मी जारी रहनेछ। आगामी ४ दिनमा उत्तरपश्चिम र मध्य भारतमा अधिकतम तापक्रम २ देखि ३ डिग्री सेल्सियसले बढ्ने अनुमान गरिएको छ ।

## 12. ICC T-20 Cricket

आइसीसी टी–२० विश्वकप क्रिकेटमा गएराति स्कटल्याण्डले ओमानलाई ७ विकेटले पराजित गरेको छ । पहिले ब्याटिङ गरेको ओमानले २० ओभरमा ७ विकेट गुमाएर १५० रन बनाएको थियो । जवाफमा स्कटल्याण्डले १३ ओभरमा लक्ष्य पुरा गऱ्यो। अर्को खेलमा वेस्ट इन्डिजले युगान्डालाई १३४ रनले पराजित गरेको छ । आज राति आठ बजे दक्षिण अफ्रिका र बंगलादेश बीच प्रतिस्पर्धा हुनेछ।